# कार्यसम्पादन सम्झौताको अर्धबार्षिक प्रगति प्रतिवेदन

## (आ.व.२०७७/०७८)



नेपाल सरकार

गृह मन्त्रालय

**जिल्ला प्रशासन कार्यालय, दैलेख**

**माघ, २०७७**

# विषयसूची

## भाग-एक

## प्रारम्भिक


भागएक- ........ 1

प्रारम्भिक ........ 1

१.१ विषय प्रवेश ........ 1

१.२ कार्यसम्पादन सम्झौतामा उल्लेखित मुख्य क्षेत्रका विषयहरु ........ 2

१.३ प्रतिवेदनको उद्देश्य ........ 2

भागदुई- ........ 3

प्रगति प्रतिवेदन ........ 3

सम्पादित कार्यहरुक २.१ो प्रगति प्रतिवेदन ........ 5

३.१ निष्कर्ष ........ 18

अनुसूची ........ i-VIII


प्रमुख जिल्ला अधिकारी

## भाग-एक
## प्रारम्भिक

### १.१ विषय प्रवेश

मुलुकमा शान्ति सुरक्षा, सुव्यवस्था, अमनचयन र स्थिरता कायम गर्नु गृह प्रशासनको मूलभूत कार्य हो। शान्ति सुरक्षा कायम गर्नुको अलावा अपराध अनुसन्धान, लागू औषध निषेध तथा मदिरा नियन्त्रण, लैङ्गिक हिंसा न्यूनीकरण, विपद् व्यवस्थापन, सुशासनको प्रत्याभूति, मानव अधिकारको संरक्षण लगायत कानूनको प्रभावकारी कार्यान्वयन गरी कानूनी राज्यको वहाल गर्नु पनि जिल्ला प्रशासनको कार्यक्षेत्र भित्र पर्दछ। नेपाल सरकारको कार्य विभाजन नियमावली अनुसार अन्य कुनै पनि निकायलाई नतोकिएको कार्यको जिम्मेवारी पनि यस कार्यालय अन्तर्गत नै पर्दछ। नेपाल सरकारको प्रतिनिधिको रुपमा समेत प्रमुख जिल्ला अधिकारीले वहन गर्नु पर्ने सबै जिम्मेवारीहरु पूरा गरी सरकारको नागरिक प्रतिको दायित्व निर्वाह गर्नु पर्दछ। देशको सार्वजनिक सेवालाई सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउदै पारदर्शिताको माध्यमवाट गृह मन्त्रालयको कार्यसम्पादनमा संलग्न रहने प्रमुख जिल्ला अधिकारीसँग कार्यसम्पादन सम्झौता गरी वस्तुपरक रुपमा मूल्यांकन गर्नको लागि निजामती सेवा ऐन, २०४९ को दफा १५.२ र निजामती सेवा नियमावली, २०५० को नियम ३४ को (ख) त्यस्तै गृह प्रशासन सुधार कार्य योजना, २०७४ को बुँदा नं.२६ मा विभागिय प्रमुख र कार्यालय प्रमुखसँग कार्यसम्पादन सम्झौता गर्न कार्यविवरण र सूचकहरु तयार गरी कार्यसम्पादन सम्झौता गराई काममा खटाउने व्यवस्था बमोजिम गृह मन्त्रालयका श्रीमान् सचिव महेश्वर न्यौपाने र जिल्ला प्रशासन कार्यालय, दैलेखका प्रमुख जिल्ला अधिकारी श्री सन्त बहादुर सुनार बीच २०७७ साउनमा भएको कार्यसम्पादन सम्झौताको शर्तहरु अन्तर्गत बुँदा नं. ३ मा उल्लेख भएको व्यवस्था बमोजिम यस जिल्ला प्रशासन कार्यालय, दैलेखबाट आ.व. २०७७/०७८ मा सम्पादित क्रियाकलापहरुको अर्धवार्षिक प्रगति प्रतिवेदन तयार गरिएको छ।

प्रमुख जिल्ला अधिकारी

## १.२ कार्यसम्पादन सम्झौतामा उल्लेखित मुख्य क्षेत्रका विषयहरु

| सि.नं. | मुख्य विषय क्षेत्र | भार |
|---|---|---|
| १ | शान्ति सुरक्षा र अपराध नियन्त्रण | ४० |
| २ | सुशासन र सेवा प्रवाह | ३४ |
| ३ | लागू औषध नियन्त्रण | ४ |
| ४ | विपद् जोखिम न्यूनिकरण र व्यवस्थापन | १४ |
| ५ | विकास निर्माणमा समन्वय र सहजीकरण तथा विकास निर्माण कार्यको प्रभावकारी अनुगमन | ७ |
| ६ | सदाचार र आर्थिक अनुशासन | ४ |
| | जम्मा | १०३ |

## १.३ प्रतिवेदनको उद्देश्य

श्रीमान् गृह सचिवज्यू र प्रमुख जिल्ला अधिकारी बीच भएको कार्यसम्पादन सम्झौता वमोजिम यस जिल्ला प्रशासन कार्यालय, दैलेखबाट आ.व. २०७७/०७७ को २०७७ श्रावण १ देखि २०७७ पुस मसान्तसम्म सम्पादित भएका कार्यहरुको प्रतिवेदन गरी सोही कार्यसम्पादन सम्झौताको शर्तहरु अन्तर्गत बुँदा नं. ३ को कार्यान्वयन गर्ने रहेको छ।

प्रमुख जिल्ला अधिकारी

## भाग-दुई
## प्रगति प्रतिवेदन

### २.१ सम्पादित कार्यहरुको प्रगति प्रतिवेदन

| क.सं. | सम्पादित कार्यहरु | |
|---|---|---|
| १. | शान्ति सुरक्षा र अपराध नियन्त्रण | |
| क. | <u>एकीकृत रणनीतिक सुरक्षा योजना कार्यान्वयन</u> | पुष्ट्याई |
| | • जिल्लाको Crime Map सहितको एकीकृत रणनीतिक सुरक्षा योजना तयार गरी कार्यान्वयन भएको। | -मिति २०७७/५/३१ को जिल्ला सुरक्षा समितिको बैठकबाट स्वीकृत गरी कार्यालयको इमेलको Google Drive मा Upload गरिएको। |
| | • एकीकृत रणनीतिक सुरक्षा योजनाको क्षेत्रगत कार्ययोजना तयार गरी कार्यान्वयन भएको। | -एकीकृत रणनीतिक सुरक्षा योजनाको पृष्ठ ३१-३४ सम्म निकायगत कार्ययोजना तोकी सोही बमोजिम कार्य भएको।।<br>- सुरक्षा निकाय एकल र संयुक्त पट्रोल खटाइएको। |
| ख. | <u>जिल्ला सुरक्षा समितिको परिचालन</u> | |
| | • जिल्लाको सुरक्षा अवस्था/चुनौति, अपराध नियन्त्रण रणनीति, विपद् व्यवस्थापन, लागू औषध नियन्त्रण, मदिरा व्यवस्थापन तथा अन्य समसामयिक विषयहरुमा केन्द्रित भइ जिल्ला सुरक्षा समितिको २०७७ श्रावणमा-९, भाद्रमा-१० र असोजमा-४, कार्तिकमा-२, मंसिरमा-२ र पौषमा-७ वटा बैठक बसी निर्णयहरु नतिजामुखी र प्रभावकारी रुपमा कार्यान्वयन गरिएको।<br>• प्रत्येक बैठकमा अघिल्लो बैठकको निर्णय कार्यान्वयनको प्रगति विश्लेषण गरिएको। अघिल्लो बैठकमा भएका निर्णयहरु पूर्ण रुपमा कार्यान्वयन | -श्रावणमा ६,८,१२,१३,२२,२३,२८,२९ र ३२ गते<br>-भाद्रमा २,४,७,८,१०,१२,१७,१९,२० र ३१ गते<br>-असोजमा ३,१२,२१ र २६ गते<br>-कार्तिकमा ३ र २३ गते<br>-मंसिरमा ८ र २५ गते<br>-पौषमा ५,१२,१३,१४,१५,२० र २५ गते |



जिल्ला अधिकारी

| | | |
|---|---|---|
| | भएको। | र सोको निर्णय तत्काल mohacontrolroom@gov.np मा पठाइएको। |
| ग. | निर्वाध रुपमा राजमार्ग तथा सडक यातायात सञ्चालन | |
| | • राजमार्ग (सडक) मा हुने अवरोध हटाउन गर्नुपर्ने सुरक्षा कारवाहीको कार्यविधि, २०७५ को बुँदा नं ७ बमोजिम समितिको बैठक मिति २०७७/६/५ गते सम्पन्न भएको । | -बैठकका निर्णयहरु DRS प्रणालीबाट गृह मन्त्रालयमा पठाइएको। |
| | • राजमार्ग (सडक) मा हुने अवरोध हटाउन गर्नुपर्ने सुरक्षा कारवाहीको कार्यविधि, २०७५ को अनुसूची १ बमोजिमको सामग्री सहित समूह/रोष्टर निर्माण तथा समूह परिचालन कार्ययोजना तर्जुमा गरी सोही बमोजिम कार्यान्वयन गरिएको। | -अनुसूचीमा उल्लेख गरिएको। |
| | • क्रियाकलाप (ख) बमोजिमको टोलीलाई राजमार्गको अवरोध हटाउन परिचालन गरी राजमार्ग तथा अन्य मार्ग अवरोध भए लगत्तै सुचारु गरिएको। | • कर्णाली राजमार्गमा इलाका प्रहरी कार्यालय, राकम, प्रहरी चौकी तल्लो डुङ्गेश्वर र प्रहरी चौकी पालताडाले हेर्ने<br>• मध्यपहाडी लोकमार्गमा प्रहरी चौकी बेस्ताडा, लोहोरे, ठाटीकाँध, इलाका प्रहरी कार्यालय, दुल्लु र जिल्ला प्रहरी कार्यालय, दैलेखले हेर्ने<br>• सुर्खेत-दैलेख सडक खण्डमा प्रहरी चौकी रानीमत्ता, माथिल्लो डुङ्गेश्वर, चुप्रा र जिल्ला प्रहरी कार्यालय, दैलेखले हेर्ने<br>• नियमित रुपमा राजमार्ग संचालन भएको<br>• कर्णाली राजमार्गको दैलेख अन्तर्गत तल्लो डुङ्गेश्वर, पाल्ताडा र राकममा सडक डिभिजन |



प्रमुख जिल्ला अधिकारी

| | | |
|---|---|---|
| | | सुर्खेतबाट तीन वटा स्काभेटर तयारी अवस्थामा राख्न लगाई अवरोध सडक तत्काल सुचारु गरिएको। |
| घ. | <u>जिल्लास्थित सुरक्षा निकायहरुको निरीक्षण तथा परिचालन</u> | |
| | • जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी बलको जिल्लास्थित इकाईहरुको निरीक्षण गरी प्रतिवेदन गरिएको | -इलाका प्रहरी कार्यालय, दुल्लू र सशस्त्र प्रहरी बलको जिल्लास्थित आश्रित गुल्ममा निरीक्षण गरी प्रतिवेदन च.नं. २३३३, मिति २०७७/९/२९ को पत्रमार्फत गृह मन्त्रालयमा पठाइएको। |
| | • मुद्दा दर्ता हुने सबै प्रहरी चौकी र अन्य प्रहरी चौकी हरुको निरीक्षण नियमित गरिएको, यस आवको पुस सम्म २४ वटा प्रहरी चौकीहरुमध्ये ६ वटाको निरीक्षण सम्पन्न। | - जिल्ला प्रहरी कार्यालय बाहेक अन्यन्त्रका प्रहरी चौकीहरुमा मुद्दा दर्ता नहुने, प्रहरी चौकीहरुको नियमित अनुगमन भई सोही दिन DRS मार्फत जानकारी गराइएको। |
| ङ. | <u>कारागार निरीक्षण</u> | |
| | • मिति २०७७/९/८ मा जिल्लास्थित कारागारको निरीक्षण जाँच गरिएको। | -मिति २०७७/९/९ को पत्रमार्फत कारागार प्रशासनलाई सवल र प्रभावकारी बनाउन आवश्यक सिफारिसहरु सहितको जाँच प्रतिवेदन गृह मन्त्रालय र कारागार व्यवस्थापन विभागमा पठाइएको। |
| च. | <u>अवैध हातहतियार</u> | |
| | • अवैध हातहतियारको प्रयोग ओसारपसार नियन्त्रण सम्वन्धी जिल्लास्तरीय कार्यदलको वैठक मिति २०७७/९/२३ मा सम्पन्न | -DRS प्रणाली मार्फत गृह मन्त्रालयमा निर्णय पठाइएको। |
| छ. | <u>अपराध नियन्त्रण</u> | |
| | • प्रहरी प्रमुखबाट जिल्लाको गुण्डागर्दी, संगठित अपराध, जवरजस्ती असुली, चेलीबेटी बेचविखन, मानव अधिकार हनन, लैङ्गिक तथा महिला हिंसा | - यस आव.को हालसम्म कर्तव्य ज्यानका ३ वटा, ज्यान मार्ने उद्योगका ४ वटा, जबरजस्ती करणीका |

| | | |
|---|---|---|
| | लगायतका अपराधहरुको अनुसन्धान तथा नियन्त्रण सम्वन्धी जिल्लागत वस्तुस्थितिको जानकारी/प्रतिवेदन लिई यथाशिघ्र गृह मन्त्रालयको mohacontrolroom@gov.np मा पठाइ एको। | ७ वटा, जजकउ.का २ वटा, लागू औषधका ३ वटा, चोरीका १ वटा, ठगीका २ वटा, सवारी ज्यानका २ वटा, सवारी बाट भवितव्यका ३ वटा, विष सेवन गरी आत्महत्याका ७ वटा, झुण्डी आत्महत्याका २४ बटा, घाँटी रेटी आत्महत्याका १ वटा, आत्महत्या दुरुत्साहनका ३ वटा, भवितब्य ज्यानका २३ वटा, फुटकर ज्यानका ७ वटा, बहुविवाहका १५ बटा, वालविवाहका ५ वटा, अभद्र व्यवहारका २८ वटा र आगो लगायको १, जुवाका १, पशु सम्वन्धी कसुरका १ र बालयौन दुर्व्यवहारका ३ वटा मुद्दाहरु गरी १४७ वटा दर्ता भएकोमा ७१ वटा फछ्यौंट भएका।<br>- दैनिक र सासाहिक रुपमा नियमित लिखित जानकारी प्राप्त गरी महत्वपूर्ण विषयहरुको जाहेरी mohacontrolroom@gov.np र DRS मार्फत गृह मन्त्रालयमा पठाइएको। |
| ज. | अन्तर्राष्ट्रिय/राष्ट्रिय सीमा सुरक्षा | |
| | • जिल्ला सीमा जोडिने जिल्लाहरुसँग अन्तर जिल्ला समन्वय बैठक जिल्ला प्रशासन कार्यालय, दैलेखको आयोजनामा दैलेख र सुर्खेत जिल्लाका सुरक्षा समितिका पदाधिकारीहरुको उपस्थितिमा अन्तर जिल्ला सुरक्षा समन्वय समितिको पहिलो बैठक मिति २०७७/९/२८ गते बसेको | -मिति २०७७/९/२८ गते बैठक वसी DRS मार्फत निर्णय गृह मन्त्रालयमा पठाइएको।<br>-अन्तरजिल्ला सीमा सम्वन्धमा सूचना आदानप्रदान नियमित भएको। |
| २. | सुशासन र सेवा प्रवाह | |

| | | |
|---|---|---|
| क. | प्रभावकारी सार्वजनिक सेवा प्रवाह मार्फत सुशासन कायम | |
| | • कार्यसम्पादन सम्झौता, वार्षिक विकास कार्यक्रम तथा वजेट, मन्त्रालयको नीतिगत निर्देशन र जिल्लाको आन्तरिक अवस्था समेतका आधारमा जिल्ला प्रशासन कार्यालय, दैलेखको वार्षिक कार्ययोजना, (२०७७/०७८) तर्जुमा गरिएको र वार्षिक कार्ययोजना वमोजिम नै क्रियाकलापहरु कार्यान्वयन भएको। | -बार्षिक कार्ययोजना, (२०७७/०७८) तयार गरी च.नं. ३४० मिति २०७७/५/९ को पत्रबाट गृह मन्त्रालयको नीति, योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखामा पठाइएको। र यस कार्यालय, दैलेखको Website www. daodailekh.moha.gov.np भित्र डाउनलोडमा Upload गरी राखिएको। |
| | • प्रमुख जिल्ला अधिकारी श्री सन्त वहादुर सुनार र सहायक प्रमुख जिल्ला अधिकारी श्री हरि प्रसाद देवकोटावीच मिति २०७७/६/२६ गते कार्यसम्पादन सम्झौता सम्पन्न भएको। र उक्त सम्झौता वमोजिमका क्रियाकलापको कार्यान्वयन भैइरहेको। | -मिति २०७७/७/२४ गतेको पत्रबाट गृह मन्त्रालयको नीति, योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखामा पठाइएको। |
| | राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण व्यवस्थापन | |
| | • राष्ट्रिय परिचयपत्रका लागि नागरिकका वैयक्तिक एवं जैविक विवरण संकलन तथा राष्ट्रिय परिचयपत्र कार्यक्रमको थालनी यस कार्यालयमा आव. ०७७/७८ देखी सुरु गरिएको।<br>• व्यक्तिगत घटना दर्ताको अनुपात वढाउने र अनलाइन घटना दर्ता गर्ने कार्यमा स्थानीय तहका प्रमख तथा प्रमुख प्रशासकीय अधिकृतहरुसँग समन्वय र सहजीकरण बैठक भएको। | - राष्ट्रिय परिचयपत्रको कार्यक्रम प्रारम्भ भएपश्चात यस कार्यालयवाट २३५७ जना नागरिकहरुको वैयक्तिक तथा जैविक विवरण संकलन भएको।<br>- मिति २०७७/५/१२ को निर्णय DRS मार्फत पठाइएको। |
| ख. | निर्देशन/परिपत्र कार्यान्वयन | |
| | • मन्त्रालयबाट विभिन्न समयमा प्राप्त भएका निर्देशन/परिपत्रलाई क्षेत्रगत रुपमा वर्गिकरण/संग्रह गरी कार्ययोजना सहित कार्यान्वयन गरी सोको | - मानव वेचविखन विरुद्धको दिवस, भाद्र २० गते |



प्रमुख जिल्ला अधिकारी

| | | |
|---|---|---|
| | जानकारी गृह मन्त्रालयको परिपत्र प्रणाली मार्फत पठाइएको।<br>• परिपत्रहरूको क्षेत्रगत र वर्गीकृत रुपमा संग्रह मार्फत अद्यावधिक गरी कार्यान्वयन भइरहेको। | - निजामती दिवस, भाद्र २१,२२ र २३ गते<br>- बाल दिवस, भाद्र २९ गते<br>- संविधान दिवस, असोज १, २ र ३ गते मनाइएको<br>- राष्ट्रिय योग दिवस २०७७/१०/१ मा विभिन्न कार्यक्रम गरी मनाउने सम्वन्धमा मिति २०७७/९/२७ गते बैठक वसी मनाइएको।<br>- बैठकका निर्णयहरु DRS मार्फत पठाइएको। |
| ग. | द्वन्द्व पिडित राहत व्यवस्थापन | |
| | • मिति २०७७/४/२० गते कार्यदलमा नाम समावेश नभएका द्वन्द्वपीडित घाइते अपाङ्गको निवेदन संकलनका लागि सूचना प्रकाशन गरिएको।<br>• घाइते/अपाङ्गता प्रतिशत निर्धारण एवम् पुनरावलोकन सिफारिश समितिको बैठक मिति २०७७/८/११ गते बसेको।<br>• ९ जना द्वन्द्व पिडीतलाई जीवन निर्वाह भत्ता वापत रु. २,७२,८००/- रकम भूक्तान भएको। | - कार्यदलमा नाम छुट भएको भनी नयाँ निवेदन परेको संख्या-६<br>-१ जना द्वन्द्व पिडितको अपाङ्गता प्रतिशत पुनरावलोकनका लागि र ९ जना कागजात अपुग भएका द्वन्द्वपीडितहरुको निवेदन र आवश्यक कागजातहरु च.नं. १६१०, मिति २०७७/८/१३ गतेको पत्रबाट गृह मन्त्रालयमा पठाइएको। |
| घ. | मुद्दा तथा गुनासो व्यवस्थापन | |
| | • यस आव.मा दर्ता भएका २५ मुद्दा मध्य ६ वटा फैसला गरिएको। | -बाँकी रहेका मुद्दाको अंग पुऱ्याउने कार्य भएको |
| | • अघिल्लो आ.व.का मुद्दाहरु ४० रहेकोमा १७ मुद्दाको फैसला गरिएको। | -बाँकी ११ मुद्दाको अंग पुऱ्याउने कार्य भएको |
| | • कार्यालयमा प्राप्त गुनासोहरुको तत्काल सम्बोधन गरिएको | -पुस मसान्तसम्म २४ वटा उजुरी परेकोमा तिनिहरुको तत्काल संबोधन गरिएको। |

| | | |
|---|---|---|
| | • जिल्ला प्रशासन कार्यालयको समग्र कार्यसञ्चालनको प्रभावकारीताका लागि कर्मचारीका गुनासाहरु सम्बोधन गरी मनोवल उच्च बनाउन Staff meeting प्रत्येक महिनाको पहिलो शुक्रवार बसिएको<br>• कार्यालय प्रमुखको बैठक प्रत्येक महिनाको ५ गते बस्ने गरिएको । | - बैठकका निर्णयहरुको जानकारी DRS मार्फत पठाइएको। |
| ङ. | प्रहरी कर्मचारीसम्बन्धी उजुरी | |
| | • प्रहरी कर्मचारीले आफ्नो कर्तव्य पालना गर्दा कानून बमोजिम कार्य नगरेको आधारमा कुनै उजुरी प्राप्त नभएको। | - |
| च. | अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्रबाट पर्ने उजुरी | |
| | • अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र लगायतका निकायहरुबाट सोझै तथा गृह मन्त्रालय मार्फत कुनै उजुरी प्राप्त नभएको। | |
| छ. | सरकारी सेवा प्रदायकको सेवा प्रवाहको अनुगमन तथा मूल्याङ्कन | |
| | • जिल्ला अनुगमन तथा मूल्याङ्कन समितिको बैठक वार्षिक कार्ययोजना बमोजिम मिति २०७७/६/२७ मा बसिएको। | -बैठकको निर्णय DRS मार्फत सोही दिन पठाइएको। |
| | • जिल्लास्थित कार्यालय प्रमुखले सुशासन ऐनको दफा (१३) र सुशासन नियमावलीको नियम (६) बमोजिम कार्य गरे/नगरेको सम्बन्धमा वार्षिक कार्ययोजना बमोजिम अनुगमन २०७७ पुस मसान्तमा गरिएको। | -कर्मचारीको नियमितता र सेवा प्रवाहको सम्बन्धमा देखिएका कमीकमजोरीहरुको सम्बन्धमा सम्बन्धित कार्यालयलाई स्पष्टिकरण सोधिएको, प्रतिवेदन तयार भए पश्चात मन्त्रालयमा पठाइने। |
| ज. | अशक्त, अपाङ्ग, जेष्ठ नागरिकमैत्री लगायतको नागरिक सहायता कक्ष मार्फत सेवा सहजीकरण | |
| | • अशक्त, अपाङ्ग, जेष्ठ नागरिकमैत्री लगायतको नागरिक सहायता कक्ष | -दैनिक रुपमा भएको। |

| | | |
|---|---|---|
| | मार्फत सेवा सहजीकरण गर्न सहायता कक्ष संचालन गरिएको,<br>• सहायता कक्षामा कार्यालयबाट सेवा प्रवाह गरिने शाखाहरुको मानचित्र तयार गरी सबैले देख्ने गरी राखिएको,<br>• अशक्त तथा जेष्ठ नागरिकहरुलाई सहायता कक्ष मार्फत निवेदन लेखिदिने र सम्बन्धीत सेवा प्रदान गर्न आवश्यक सहयोग गर्ने गरिएको। | -फोटो अनुसूचीमा उल्लेख गरिएको। |
| झ. | <u>सूचनाको हक कार्यान्वयन</u> | |
| | • कार्यालयको वेवसाईट लाई सूचनामूलक विवरण सहित दैनिक रुपमा अद्यावधिक गर्ने गरिएको | फोटो अनुसूचीमा उल्लेख गरिएको। |
| | • कार्यालयको सबै गतिविधि समेटेर वार्षिक बुलेटिन प्रकाशन, २०७७ प्रकाशन गरिएको Soft Copy यस जिल्ला प्रशासन कार्यालय, दैलेखको Website www.daodailekh.moha.gov.np मा Upload गरिएको।<br>• सूचनाको हक सम्बन्धी ऐन र नियमावली वमोजिम स्वतः प्रकाशन गर्नुपर्ने सूचना प्रकाशन गरिएको। Soft Copy यस जिल्ला प्रशासन कार्यालय, दैलेखको Website www.daodailekh.moha.gov.np मा Upload गरिएको। | -कार्यालयको Website र इमेल ठेगानाको Google Drive मा अद्यावधिक गरिएको।<br>-स्वत प्रकाशन गरिएको सूचना च.नं. १.१४७ को पत्रबाट गृह मन्त्रालय र राष्ट्रिय सूचना आयोगमा पठाइएको। |
| | • जिल्लास्थित सबै कार्यालयहरुका सूचना अधिकारीसँग नियमित बैठक बसी भएका निर्णयहरुको कार्यान्वयन गरिएको। | -प्रत्येक २ महिनामा सूचना अधिकारीहरुसँग बैठक बस्ने गरिएको र सूचना अधिकारीहरुको अद्यावधिक विवरण समेत तयार गरिएको। बैठक भएको मिति २०७७/५/५ र २०७७/७/२८ मा बसी निर्णय DRS मार्फत पठाइएको। |
| ञ. | <u>कार्यालय तथा कार्यालय परिसर सरसफाई</u> | |
| | • कार्यालय तथा कार्यालय परिसर सरसफाईको लागि कर्मचारीलाई जिम्मेवारी | -फोटो अनुसूचीमा उल्लेख गरिएको। |



प्रमुख जिल्ला अधिकारी

| | | |
|---|---|---|
| | तोकी प्रत्येक दिन सरसफाई गर्ने गरिएको र प्रत्येक शुक्रवार सम्पूर्ण कर्मचारीको सहभागितामा कार्यालय परिसर सफाई गर्ने गरिएको<br>• कार्यालय परिसरमा कागती, आँप, टिमुर लगायतका विरुवा लगाइ त्यसको समय-समयमा गोडमेल समेत गर्ने गरिकएको।<br>• कारागार परिसरमा विभिन्न प्रजातिका फूलहरु लगाई नियमित संभार गरिएको। | |
| ट. | शान्ति सुरक्षा, सार्वजानिक सेवा प्रवाह तथा सुशासन प्रवर्द्धन लगायतका नवप्रवर्तनीय (Innovative) कार्यहरु | |
| | • शान्ति सुरक्षा, सार्वजानिक सेवा प्रवाह तथा सुशासन प्रवर्दन लागि<br>- सेवाग्राहीहरुको सहजका लागि विभिन्न निवेदनका ढाँचा विकास गरी नि:शुल्क उपलब्ध गराइएको।<br>- सेवा प्रवाहलाई सरल र सहज गराउन कार्यालयको सेवा प्रवाह Layout परिर्वतन गरिएको र सेवा प्रवाह सम्वन्धमा शाखाहरुको मानचित्र तयार गरिएको।<br>- सरकारी निकाय/तहका सम्पूर्ण सवारी साधनमा सरकारी नम्वर प्लेट राख्न लगाइएको।<br>- कोरोना भाइरस (कोभिड-१९) को नियन्त्रणका लागि जिल्लामा RT-PCR ल्याव स्थापना र आइसोलेशन निर्माण गर्न अग्रणी भूमिका निर्वाह गरिएको। | -ढाँचा अनुसूचीमा उल्लेख छ।<br>-ढाँचा अनुसूचीमा उल्लेख छ। |
| ठ. | उपभोक्ता हित संरक्षण | |
| | • उपभोक्ता हित विपरित भएका गतिविधि सम्वन्धी गुनासो सहायक प्रमुख जिल्ला अधिकारीले सुन्ने गरी व्यवस्था गरिएको। | -सहायक प्रमुख जिल्ला अधिकारीलाई उपभोक्ता हित सम्बन्धमा गुनासो सुन्नेगरी अधिकार प्रत्यायोजन भएको र सोको जानकारी गृह मन्त्रालयमा |

| | | |
|---|---|---|
| | | पठाइएको। |
| | • उपभोक्ता हित विपरितका कार्यहरु हुन नदिन प्रदेश तथा स्थानीय सरकारसंग समन्वय गरिएको तथा वजार अनुगमन सम्वन्धी कार्ययोजना तर्जुमा गरी नियमित वजार अनुगमन भएको।<br>• वजार अनुगमन सम्वन्धी कार्ययोजना गृह मन्त्रालय नीति, योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखामा परिपत्र प्रणाली मार्फत पठाइएको।<br>• वजार अनुगमन मिति २०७७/६/१९, २०७७/७/२,३,४,६ र २०७७/७/२३ मा (दैलेख बजार, डाँडीमाडी, वेसताडाँ, डुङ्गेश्वर, ठाँटीकाँध, दुल्लु)<br>• नदिजन्य पदार्थको उत्खन्नको अनुगमन मिति २०७७/७/२८ गते (कर्णाली नदी, लोहोरे खोला, कोटीला र पादुका खोला)<br>• राजमार्ग अनुगमन मिति २०७७/७/८ मा कर्णाली राजमार्गको राकममा गरिएको | -च.नं.१०२६ मिति २०७७/६/१४ को पत्रबाट गृह मन्त्रालयको नीति, योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखामा पठाइएको। यस कार्यालय, दैलेखको Website www. daodailekh.moha.gov.np भित्र डाउनलोडमा Upload गरी राखिएको।<br>- वजार अनुगमन नियमित गरिएको।<br>- अनुगमनहरुको प्रतिवेदन सोही दिन DRS मार्फत गरिएको। |
| ङ. | संघ संस्थाको संचालन तथा व्यवस्थापन | |
| | • संस्था दर्ता ऐन अनुसार दर्ता भएका सबै संस्थाहरुको वर्गिकृत विवरण सहितको प्रोफाइल तयार गर्ने कार्य सम्पन्न भएको। | -दर्ता भएका कुल ४७४ वटा संस्थाहरुको विवरण अद्यावधिक गरी क्रियाशील संस्थाहरुको वर्गिकृत प्रोफाइल तयार गरिएको।<br>-प्रोफाइल अनुसूचीमा उल्लेख गरिएको छ।<br>- आ.व.२०७७/७८ को पुस मसान्त सम्ममा नवीकरण भएका संस्था २९ वटा |
| | • संस्थाको आर्थिक कारोवारका सम्वन्धमा कुनै उजुरी नपरेको। | |
| ढ. | सार्वजनिक सम्पतिको संरक्षण | |
| | • सरकारी जग्गा वा सार्वजनिक जग्गामा भएको अतिक्रमण सम्वन्धी कुनै | |

| | | |
|---|---|---|
| | उजुरी एवम् गुनासो नपरेको। | |
| | • गृह मन्त्रालय मातहतका जिल्लास्थित सबै सरकारी कार्यालयको भौतिक स्रोत साधन (जग्गा, भवन, सवारी साधन लगायत) हरुको प्रोफाइल तयार गरी गृह मन्त्रालय नीति, योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखामा परिपत्र प्रणाली मार्फत पठाइएको। अन्य सरकारी कार्यालयलाई तयार गर्न लगाइएको।<br>• सरकारी निकाय/तहका सम्पूर्ण सवारी साधनमा सरकारी नम्बर प्लेट राख्न लगाइएको।<br>• सार्वजनिक विदा र जिल्ला वाहिर जादा सरकारी सवारी साधनले संवारी पास अनुमति लिनु पर्ने। | -फोटो अनुसूचीमा उल्लेख छ। |
| ३. | सामाजिक सुधार र रुपान्तरण | |
| क. | लागूऔषध निषेध र व्यवस्थापन | |
| | • लागू औषध नियन्त्रण कार्ययोजना, (२०७७/०७८) तर्जुमा गरी गृह मन्त्रालय नीति, योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखामा परिपत्र प्रणाली मार्फत पठाइएको। कार्ययोजनाको कार्यान्वयन भएको।<br>• लागु औषध सम्वन्धी ३ मुद्दा दर्ता गरिएको। लागु औषध दुर्व्यसनीलाई नियन्त्रणमा ल्याइएको।<br>• लागु औषध सम्वन्धी सचेतनामूलक कार्यक्रम प्रहरी समुदाय साझेदारी कार्यक्रम मार्फत जिल्लाका ७ मावि.मा संचालन गरिएको। | - यस कार्यालयको Website www.daodailekh.moha.gov.np भित्र डाउनलोडमा Upload गरी राखिएको।<br>-लागू औषध नियन्त्रण सम्वन्धी गरिएका कार्यक्रम तथा नियन्त्रणमा लिई गरिएका कारवाहीको जानकारी mohacontrolroom@gov.np मा पठाइएको। |
| | • यस जिल्लामा पुनस्थापना केन्द्र नभएको। | |
| | • जिल्ला प्रशासन कार्यालय, दैलेख, जिल्ला प्रहरी कार्यालय, दैलेखको संयुक्त आयोजनामा अवैध रुपमा खेती गरिएका गाँजा लगायतका लागु पदार्थजन्य खेती नष्ट गरिएको। | -नियमित रुपमा जाहेरी mohacontrolroom@gov.np मा पठाइएको। |



प्रमुख जिल्ला अधिकारी

| | | |
|---|---|---|
| ४. | विपद् व्यवस्थापन | |
| क. | विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन | |
| | • जिल्ला विपद व्यवस्थापन समिति (DDMC) को बैठक मिति २०७७/५/१२, २०७७/६/२०, २०७७/९/२३ गते बसेको | -बैठकको निर्णय DRS मार्फत पठाइएको। |
| | • विपद् प्रतिकार्य योजना बमोजिम कार्य गरिएको र गरिएका कार्यको जाहेरी mohacontrolroom@gov.np मा नियमित पठाउने गरिएको साथै २०७७ को लागि विपद जोखिम नक्सांकन सहित जिल्ला विपद पूर्वतयारी तथा प्रतिकार्य योजना (DPRP) GIS map सहित अध्यावधिक गरी च.नं.३४०६ मिति २०७७/३/२४ को पत्रबाट गृह मन्त्रालय, विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा, सिंहदरवार, काठमाडौंमा पठाइएको। | - विपद्जन्य घटनाका कारण मृत्यु र घरबारविहीन भएका घरपरिवारलाई यस आर्थिक वर्ष पुस मसान्त सम्ममा रु २१,९३,००० रकम वितरण भएको। विपद्का कारण जोखिममा परेका बस्ती स्थानान्तरण र भवन निर्माणका गर्ने प्रयोजनार्थ सम्वन्धित स्थानीय तह तथा नेपाल सरकार र कर्णाली प्रदेश सरकारसँग समन्वय भइरहेको |
| | • मनसुन आपतकालीन कार्ययोजना अद्यावधिक २०७७ वैशाखमा तयारी गरिएको। | -यस कार्यालयको Website मा upload भएको, फोटो अनुसूचीमा छ। |
| | • विपद् का सबै क्षेत्रहरुमा प्रतिकार्य गर्न सकिने गरी न्यूनतम विपद | -रोष्टरको विवरण अनुसूचीमा उल्लेख गरिएको छ। |

| | | |
|---|---|---|
| | व्यवस्थापन सामग्री सहित DEOC सुदृढीकरण गर्न विभिन्न संघ संस्थाको सहयोगमा सामग्रीको व्यवस्था गरी रोष्टर बनाइएको। | |
| | • जिल्ला ११ वटै स्थानीय तह समेटिने गरी उपलब्ध Equipment सहितको QRT/IRT को टोली परिचालन गरिएको। | -परिचालन टोली अनुसूचीमा उल्लेख गरिएको छ। |
| | • विपद भएको समयमा उद्धार र राहत तत्काल उपलब्ध गराउने सम्बन्धमा यस समय अवधिमा कुनै त्यस्तो विपद् नघटेको।<br>• कोरोना भाइरस (COVID-19) बाट बच्न, रोकथाम तथा नियन्त्रण गर्न जिल्ला विपद् व्यवस्थापन समिति, कोभिड-१९ कमाण्ड पोष्ट, CCMC-ops जिल्लास्तरीय संरचना एवम् जिल्ला सुरक्षा समितिबाट निर्णय गरी कार्यान्वयन भएको।<br>• कोभिड-१९ को संक्रमणबाट बच्न, रोकथाम तथा नियन्त्रण गर्न कोभिड-१९ प्रकोप रोकथाम तथा नियन्त्रण समन्वय समिति, सुरक्षा उप समिति, RRT, PRT, PTT एवम् बजार अनुगमन समिति गठन गरी कार्य भएको।<br>• जिल्लामा क्वारेन्टाइन ११०९२ वेड, आइसोलेशन-१०५४ वेड, स्वाव परीक्षण भएको संख्या १११६८। | -निर्णय DRS प्रणाली र NEOC पठाइएको।<br>- कोरोना भाइरस सम्वन्धी प्रतिवेदन २०७६/१२/१६ देखी प्रत्येक दिन ३:०० वजे भित्र गृह मन्त्रालय र मुख्यमन्त्री तथा मप.को कार्यालय, सुर्खेतमा दैनिक प्रतिवेदन पठाइएको।<br>-मिति २०७७/५/१२ मा कोभिड-१९ बुलेटिनको अंक २ प्रकाशन गरि परिपत्र प्रणालीबाट गृह मन्त्रालयमा प्रतिवेदन पठाइएको। |
| | • विपद्का घटना, खोज तथा उद्धार, राहतको विवरण तत्काल पठाउने गरिएको। | - घटनाको विवरण नियमित रुपमा जाहेरी mohacontrolromm@gov.np मा पठाइएको। |
| ५. | समन्वय र सहजीकरण | |
| क. | विकास निर्माणमा समन्वय र सहजीकरण तथा विकास निर्माण कार्यको प्रभावकारी अनुगमन | |

| | | |
|---|---|---|
| | • जिल्ला दररेट समितिको बैठक तथा निर्माण सामाग्री ज्याला वस्तु र सेवाको दररेट निर्धारण। | -वार्षिक कार्ययोजना बमोजिम यस आव.को असार मसान्त भित्र सम्पन्न गरिने। |
| | • यस जिल्लामा संचालनमा रहेको माथिल्लो कर्णाली जलविद्युत आयोजनामा सशस्त्र प्रहरी बल नेपालले सुरक्षा दिइरहेको र अन्य राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरुको शान्ति सुरक्षा र विपद्को दृष्टिकोणबाट कुनै नकारात्मक प्रभाव पर्ने नदेखिएको। | -राष्ट्रिय गौरवको आयोजना अन्तर्गत पुष्पलाल (मध्यपहाडी) राजमार्गको मुआव्जा वितरण कार्य प्रारम्भ भएको। |
| | • जिल्ला स्थित आयोजनाहरुको कार्यान्वयनमा देखा पर्ने स्थानीय समस्याहरुको समाधान गर्न आवश्यक सहजीकरण गरिएको।<br>• पुष्पलाल (मध्यपहाडी) राजमार्ग अन्तर्गत दैलेखमा पर्ने खण्डको स्थलगत अनुगमन गरी त्यसको प्रतिवेदन गृह मन्त्रालयमा पठाइएको। | अनुगमन प्रतिवेदन यस जिल्ला प्रशासन कार्यालयको च.नं. ९०३, मिति २०७७/०७/०५ को पत्रबाट secretary@moha.gov.np मा पठाइएको। |
| | • जिल्ला भित्रका सबै स्थानीय तहका प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतहरुसंग समन्वय बैठक मिति २०७७/५/१२ मा संचालन गरिएको निर्णयको कार्यान्वयन भएको।<br>• विकास निर्माणका कार्यमा शान्ति सुरक्षा व्यवस्थापन र सहजीकरण<br>• स्थानीय तहका जनप्रतिनिधि र प्रमुख प्रशासकीय अधिकृतसंग समन्वय र आयोजना व्यवस्थापनमा सहजीकरण ।<br>• विपद्को तत्काल व्यवस्थापनका लागि सबै पालिकामा हेलिप्याड निर्माण कार्य प्रारम्भ (नेपाली सेनाद्वारा)<br>• अन्तरजिल्ला सीमानासँग सम्वन्धीत सूचना आदान प्रदान<br>• सबै पालिकाका महत्वपूर्ण स्थानहरुमा CC Camera को व्यवस्था | - बैठकको माइन्यूट सोही दिन परिपत्र प्रणालीबाट गृह मन्त्रालयमा पठाइएको। |

| | | |
|---|---|---|
| ६. | सदाचार र आर्थिक अनुशासन | |
| | • लेखापरीक्षण भएको कूल अंकमा वेरुजूको अवस्था शून्य बनाउने प्रयास भएको। | |
| | • गत आव.सम्मको ११०७०००/- वेरुजु फछ्र्यौट भएको। फस्र्यौट प्रतिशत १००%<br>• राजस्व जम्मा : ११,८८,९००/-<br>• धरौटी : ३३,२६,६११/-<br>• चालु खर्च :४५,७९,९७०/- (३१.०८%)<br>• पूँजीगत खर्च: ९७,७४५/- (६.५%)<br>• कार्यसंचालन खर्च: ८३९२३६४/-(७७.३४%) | -महालेखापरीक्षकको कार्यालयबाट मिति २०७३/३/५, २०७३/१०/२७, २०७६/९/२७ र २०७७/३/५ मा संपरीक्षण भई वेरुजु सतप्रतिशत फस्र्यौट भएको। |
| | • जिन्सी निरीक्षण गरी सोको प्रतिवेदन गृह मन्त्रालयको कार्यालय व्यवस्थापन तथा जिन्सी शाखामा पठाइएको।<br>• जिन्सी लिलाम सम्बन्धी प्रक्रिया सम्पन्न गरी मिति २०७६/८/२२ गते लिलाम सम्वन्धी सूचना प्रकाशन गरिएको।<br>• लिलाम सूचना सम्वन्धी कुनै निवेदन नपरेको हुँदा पून: सूचना प्रकाशन गरिएको।<br>• मिति २०७७/३/३ मा लिलाम कार्य सम्पन्न भएको | -जिन्सी निरीक्षणको प्रतिवेदन कार्यालयको वेभसाइटमा प्रकाशन गरिएको र गृह मन्त्रालयमा जानकारी पठाइएको।<br>२०७७/३/३ मा भएको लिलाम निर्णय अनुसूचीमा संलग्न गरिएको छ।<br>-जिन्सी निरीक्षण<br>२०७७/३/३१ मा सम्पन्न गरिएको। |
| | • सबै सवारी साधनहरुको वीमा गरिएको र जिन्सी लिलामी सम्पन्न गरिएको। | - सवारी साधनको विवरण अनुसूचीमा रहेको, विमा २०७७/२/२८ मा भएको<br>- जिन्सी लिलामको काम २०७७/३/३ मा सम्पन्न गरी जानकारी गृह मन्त्रालयमा पठाइएको। |



जिल्ला अधिकारी


# भाग-तीन
## निष्कर्ष

३.१ निष्कर्ष

जिल्लाको शान्ति सुरक्षा, सुव्यवस्था, अमनचयन र स्थिरता कायम गर्नुको साथै अपराध अनुसन्धान, लागू औषध निषेध तथा मदिरा नियन्त्रण, लैङ्गिक हिंसा न्यूनीकरण, विपद् व्यवस्थापन, सुशासनको प्रत्याभूति, मानव अधिकारको संरक्षण लगायत कानूनको प्रभावकारी कार्यान्वयन गरी कानूनी राज्यको कायम गर्नमा कार्यसम्पादन सम्झौताले प्रमुख जिल्ला अधिकारी साथै समग्र जिल्ला प्रशासन कार्यालयलाई थप जिम्मेवारी बनाएको छ। यसले जिल्लाको सार्वजनिक सेवालाई सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउदै पारदर्शितालाई थप मजबुद बनाउन सहयोग गरेको छ।

प्रमुख जिल्ला अधिकारी

# अनुसूची






प्रमुख जिल्ला अधिकारी





कार्यालय परिसरमा नेपाली सेना र सशस्त्र प्रहरी बलद्वारा सरसफाई गरिदै



कार्यालय परिसरमा कर्मचारीद्वारा सरसफाई गरिदै



गाजा फडानी गरिदै

प्रमुख जिल्ला अधिकारी




कार्यालय परिसर



प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, दैलेख

जिल्लास्थित गृह मन्त्रालय मातहतका सरकारी कार्यालयहरूको भौतिक स्रोतसाधनको प्रेषत

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| स्रोतसाधन | जिल्ला प्रशासन कार्यालय, दैलेख | | | | | | | | | | |
| जग्गा | कि.नं. | १६४ | १३० | १ | ७२७ | | | | | | |
| | क्षेत्रफल | २४४६३.५५ | ०.२३२२ | ०.४६२० | ०.०२३० | | | | | | |
| | ठेगाना | नारायण न.पा.१ | नारायण न.पा. ६ | | पादुका ५ | | | | | | |
| घर | संख्या | २ | | १ | | | | | | | |
| | ठेगाना | नारायण न.पा.१ | | पादुका ५ | | | | | | | |
| सवारी साधन | विवरण | स्कर्पियो | आधुनिक ल्याण्ड क्रुज | पल्सर पल्सर १५० | बजाज डिस्कभर १२५ | | | | | | |
| | सवारी साधनको नं | मे १ झ २७२ | बा १ झ ४८६८ | मे १ प १२३ | मे १ प ४३३ | | | | | | |
| | | | | | | | | | | | |
| | जिल्ला प्रहरी कार्यालय, दैलेख | | | | | | | | | | |
| जग्गा | कि.नं. | १५५ | १५३ | २२८ | ८९२ | ८९५ | १७७ | १९१ | ४१६ | ११८ | ६४० |
| | क्षेत्रफल | १४२६५ | १२८.७५ | ४४७७.५ | १५२६.०० | | १५२५ | २०० | १६० | ६४० | ०.१५०२ |
| | ठेगाना | नारायण न.पा.१ | | | तिलेपाटा ७ | | चिन्न्यावासिनी ९ | दुल्लु न.पा.२ | | | |
| | कि.नं. | ७७५ | ७३८ | ७८० | ७४४ | ७९६ | ३२१ | २४१ | २६१ | ६५४ | ११२८ |
| | क्षेत्रफल | १०० | ८४० | १४० | १२० | ५१० | ६२६० | ३६६१ | | ३३१५ | ४८५ |

प्रमुख जिल्ला अधिकारी

जिल्ला प्रशासन कार्यालय, दैलेख
मासिक कार्ययोजना, २०७७/०७८



नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, दैलेख

दैलेख जिल्लाको बजार अनुगमन सम्बन्धी कार्ययोजना, (२०७७/७८)

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, दैलेख
भाद्र, २०७७

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, दैलेख

राजमार्गमा हुने अवरोध हटाउने सामग्री सहितको समुह/रोस्टर निर्माण तथा समुह परिचालन कार्ययोजना

| क्र.सं. | उपकरणको नाम | मौजुदा संख्या | उपकरणको निकाय | सम्पर्क व्यक्तिको नाम | मोबाईल नं | अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | स्काभेटर | २ | दुईश्वर गा.पा.(एरा हाइड्रो),-थान १ | मरतिड मल्ल | ९८०४५२४८४७ | चालु | |
| | | | नारायण न.पा.-थान १ | प्रेम शाही | ९८४८१२०६०६ | चालु | |
| २ | एम्बुलेन्स | ३ | दुईश्वर गा.पा.-थान १ | दिपक गुरुङ | | | |
| | | | चामुण्डा बिन्द्रासैनी नगरपालिका-थान १ | तिलक वि.क. | ९८५८०३८३७८ | चालु | |
| | | | डुल्लु अस्पताल, डुल्लु न.पा.-थान १ | रेशम बहादुर भण्डारी | ९८४८२४८७०७ | चालु | |
| ३ | लोडर | - | - | - | - | - | |
| ४ | पेलर | - | - | - | - | - | |
| ५ | मालवाहक ट्रक/ट्रिपर | ५ | दुईश्वर गा.पा. वडा नं १- थान ३ | डिल्ली थापा | | चालु | |
| | | | डुल्लु नगरपालिका- थान १ | धन बहादुर बुढा | ९८५१०९८४३३ | मर्मत गर्नुपर्ने | |
| | | | नारायण नगरपालिका-थान १ | टेक बहादुर चन्द | ९८६८०६६६६९ | चालु | |
| ६ | बेल्चा | ७६ | दुईश्वर गाउँपालिका-थान १७ | राम बहादुर बुढा | ९८५८०३९७२४ | चालु | |
| | | | चामुण्डा बिन्द्रासैनी न.पा.-थान ५० | तिलक वि.क. | ९८५८०३८३७८ | चालु | |
| | | | डुल्लु नगरपालिका- थान १ | ज्ञानमणी नेपाल | ९८४३११०८७२ | चालु | |
| | | | नारायण न.पा.-थान ८ | इन्द्र बहादुर थापा | ९८६८०६३०७९ | चालु | |
| ७ | गैंती | १२३ | दुईश्वर गाउँपालिका-थान १७ | राम बहादुर बुढा | ९८५८०३९७२४ | चालु | |
| | | | चामुण्डा बिन्द्रासैनी न.पा.-थान १०० | तिलक वि.क. | ९८५८०३८३७८ | चालु | |
| | | | डुल्लु नगरपालिका- थान १ | ज्ञानमणी नेपाल | ९८४३११०८७२ | चालु | |
| | | | नारायण न.पा.- थान ५ | इन्द्र बहादुर थापा | ९८६८०६३०७९ | चालु | |
| ८ | दमकल | १ | नारायण न.पा.-थान १ | टेक बहादुर चन्द | ९८६८०६६६६९ | मर्मत गर्नुपर्ने | |
| ९ | च्यावर | - | - | - | - | - | |
| १० | डोरी | १०० मि. | डुल्लु नगरपालिका | ज्ञानमणी नेपाल | ९८४३११०८७२ | - | |
| ११ | wood cutter | - | - | - | - | - | |

प्रमुख जिल्ला अधिकारी

# प्रशासन बुलेटिन, २०७७




नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय, दैलेख

श्रावण, २०७७




मानचित्र






प्रतिक्षालय

प्रमुख जिल्ला अधिकारी